# अविरल वर्षाका कारण पाक्नै लागेको धानबालीमा क्षति



**भक्तपुर/रासस–** गए राति परेको अविरल वर्षाका कारण पाक्नै लागेको धानबालीमा क्षति पुगेपछि भक्तपुरका किसान दुःखी बनेका छन् । पाक्नै लागेको धानबालीमा क्षति पुगेपछि किसानले वर्षभरको मिहिनेत खेर जाने चिन्ता व्यक्त गरेका छन् । धान काट्ने समय नजिकिँदै गर्दा परेको ठुलो वर्षाले किसानको वर्षभरिको मिहिनेत जोखिममा परेको छ । रोपाइँदेखि गोडमेल, मलजल र सिँचाइ गर्दै हुर्काएको धान पाक्ने बेलामा पानी र हावाहुरीका कारण ढलेपछि उत्पादन घट्ने चिन्ता किसानमा थपिएको छ । भक्तपुरको चाँगुनारायण नगरपालिका वडा नं ५ छालिङगका किसान सौगात गिरीका अनुसार राति परेको वर्षाले धानबालीको खेततर्फको खोला पसेपछि खेतको धानबालीमा क्षति पुगेको हो ।

खोलामा लामो समयदेखि जम्मा भएका फोहोरका थुप्रोसमेत खेतमा पस्दा धानबालीमा थप क्षति पुगेको उनले बताए । वर्षाका कारण खेतमा पानी जम्नुका साथै कतिपय स्थानमा खोला तथा खोल्साको पानी खेतमा पस्दा धानबाली ढलेर नष्ट भएको उनले जानकारी दिए ।

'बर्खे धान रोपेदेखि धान घरमा नभित्र्याएसम्म पानी परेपछि धान डुबानमा पर्ला कि भनेर चिन्तामा बस्नुपर्ने अवस्था छ,' उनले भने । गिरीले यसपटक पनि पाक्न ठिक्क परेको धानबाली वर्षाको पानीले ढलेर नष्ट भएपछि यहाँका सम्पूर्ण किसानहरू दुःखी भएको बताए ।

किसानहरूले वर्षायाममा खेत डुबानको समस्या समाधान गर्न खोला तथा खोल्साको उचित व्यवस्थापन, फोहर हटाउने तथा व्यवस्थित कोरिडोर निर्माण गर्न स्थानीय तहसँग माग गर्दै आएका छन् । समयमै समस्या समाधान नगरे हरेक वर्ष धानबालीमा क्षति पुग्ने र किसानको उत्पादन तथा आम्दानीमा असर पर्ने उनको भनाइ छ । भक्तपुरका किसान रामप्यारी सुवालका अनुसार पाक्नै लागेको धान ढलेपछि धान नष्ट हुन्छ । उनका अनुसार ढलेको धान फेरि जनशक्ति लगाएर उठाउनुपर्छ अर्थात् मुठामुठा बाँध्नुपर्छ । यति गर्दा पनि त्यो धान खाली बोक्रामा मात्रै सीमित हुन्छ । त्यसकारण धान फल्ने बेला त्यो खोक्रो भुस धानमा परिणत हुने उनले जानकारी दिए । भक्तपुर किसानको जिल्ला भनेर चिनिन्छ । जिल्लाका चार नगरपालिका–भक्तपुर, मध्यपुर थिमि, सूर्यविनायक र चाँगुनारायणमध्ये विशेषगरी सूर्यविनायक र चाँगुनारायण नगरपालिकाका विभिन्न क्षेत्रमा अझै पनि ठुलो क्षेत्रफलमा रोपाइँ गरिन्छ । भक्तपुरका ग्रामीण तथा सहरी क्षेत्रमा तीव्र रूपमा भइरहेको भौतिक विस्तारका कारण खेत तथा प्राकृतिक पानी बग्ने मार्गमा दबाब बढ्दै गएको छ । यसले ठुलो वर्षाका बेला पानीको निकास प्रभावित हुने र खेतमा डुबानको जोखिम बढाउने गरेको किसानहरूको अनुभव छ । स्थानीय तहले तत्काल क्षतिको स्थलगत अनुगमन गरी वास्तविक क्षतिको विवरण संकलन तथा प्रभावित किसानलाई आवश्यक सहयोग गर्नुपर्ने मागसमेत उठेको छ ।

# युनिलिभर नेपालद्वारा उद्धार कोषमा ५ करोड र १ करोडको सरसफाइ सामग्री सहयोग



**काठमाडौं/मस–** युनिलिभर नेपाल लिमिटेडले राहत तथा पुनःस्थापना प्रयासमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५ करोड योगदान गरेको छ ।

भोटोकोशी बाढीपछि उद्धार तथा पुनःस्थापना कार्यहरू निरन्तर भइरहेको अवस्थामा र बाढीको पानी घट्दै जाँदा, प्रभावित समुदायहरूमा सुरक्षित र स्वस्थ जीवनयापनको अवस्था पुनर्स्थापित गर्नु अत्यन्त आवश्यक रहेको भन्दै युनिलिभर नेपाल लिमिटेडले थप करिब २६ टन दैनिक अत्यावश्यक स्वास्थ्य तथा सरसफाइ सामग्री उपलब्ध गराएको छ, जसको मूल्य करिब १ करोड रहेको छ ।

बाढीपछि बढ्न सक्ने प्रदूषण तथा संक्रमणको जोखिमलाई ध्यानमा राख्दै, लाइफबोय, लक्स, सनसिल्क, क्लोजअप, भिम र रिनलगायत युनिलिभरका स्वास्थ्य तथा घरायसी सरसफाइसम्बन्धी उत्पादनले प्रभावित परिवारलाई आफ्नो वरपरको वातावरण सफा तथा स्वच्छ राख्न र व्यक्तिगत सरसफाइ कायम राख्न सहयोग पुऱ्याउने उद्देश्य राखिएको छ ।

यस पहलका बारेमा युनिलिभर नेपाल लिमिटेडका प्रबन्ध निर्देशक अम्लान मुखर्जीले भने, 'नेपालले हरेक चुनौतीपूर्ण परिस्थितिमा अद्भुत धैर्यता र सहनशीलता देखाउँदै आएको छ । यस्ता कठिन समयमा हामी सबै एकजुट भएर सबैभन्दा बढी प्रभावित समुदायहरूको साथमा उभिनु महत्त्वपूर्ण हुन्छ । हामी जारी राहत प्रयासहरूमा सहयोग पुऱ्याउन र प्रभावित परिवारहरूलाई पुनर्स्थापनाको यात्रामा साथ दिन सक्ने आशा राख्दछौं ।'

# सिटिजन्स बैंकद्वारा २ करोड २२ लाख सहयोग




**काठमाडौं/मस–** सिटिजन्स बैंक इन्टरनेसनलले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, उपचार तथा राहतका लागि २ करोड २२ लाख २२ हजार २२२ रुपैयाँ आर्थिक सहयोग गरेको छ ।

बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा उक्त रकम जम्मा गरेको हो । भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकलाई राहत पुऱ्याउने उद्देश्यले सहयोग रकम प्रदान गरिएको हो । अर्थ मन्त्रालय, सिंहदरबारमा सोमबार आयोजित कार्यक्रममा बैंकका अध्यक्ष प्रबलजंग पाण्डेले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई सहयोग रकम हस्तान्तरण गरे । कार्यक्रममा बैंकका सञ्चालक समिति सदस्य दिग्विजय विष्ट र प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलको उपस्थिति थियो ।

बैंकले बाढीमा ज्यान गुमाएकाहरूका परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । यसैबीच, बाढीका कारण बैंकको देवीघाट शाखा कार्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएको बैंकले जनाएको छ । बैंकले तत्काल राहत पुऱ्याउने उद्देश्यले नुवाकोटको विदुर नगरपालिका–५, देवीघाटका प्रभावितलाई चामल, दाल, पिठो, बिस्कुट, तेल, नुन, सोयाबिन, आलु र चाउचाउलगायत खाद्यान्न सामग्रीसमेत सहयोग गरेको छ ।

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा १५ लाख ५० हजारबढी सहयोग

**काठमाडौं/मस–** प्राकृतिक विपद्का कारण प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १५ लाख ५० हजार दुई सय ५५ रुपैयाँ सहयोग गरेको छ ।

विपद्को कठिन परिस्थितिमा प्रभावित नागरिकप्रति ऐक्यबद्धता व्यक्त गर्दै संस्थाका पार्षद सदस्यहरू, विभिन्न स्थायी तथा अस्थायी समिति सदस्यहरू, बोर्डका सदस्यहरू, कर्मचारी तथा कर्मचारी संघको सामूहिक सहभागिता एवं संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कोषमा जम्मा गरिएको आईक्यानका उपाध्यक्ष सिए हेमकुमार काफ्लेले जानकारी दिए । संस्थाले विपद्को समयमा प्रभावित नागरिक तथा समुदायको राहत र पुनर्स्थापनाका लागि सहयोग गर्नु आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वका साथै मानवीय दायित्वसमेत भएको जनाएको छ । संस्थाले यस योगदानमार्फत विपद्बाट प्रभावित परिवार तथा समुदायप्रति ऐक्यबद्धता प्रकट गर्दै राहत, उद्धार तथा पुनर्स्थापनाका प्रयासमा आफ्नो साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरेको छ ।

# पुँजी बजार विकास र सुधारका उपाय पेस गर्न अर्थमन्त्रीको निर्देशन

**काठमाडौं/मस–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पुँजी बजार विकास र सुधारका लागि कानुनी उपाय पेस गर्न निर्देशन दिएका छन् । अर्थ मन्त्रालयमा नेपाल राष्ट्र बैंक र सेयर बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डका उच्च अधिकारीसँग छलफल गर्दै उनले यस्तो निर्देशन दिएका हुन् ।



बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेल, नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. गोपाल भट्ट, राष्ट्र बैंकका डेपुटी गभर्नर किरण पण्डित र नेपाल धितोपत्र बोर्डका उपकार्यकारी निर्देशक नारायण शर्मा पौडेल सहभागी थिए ।

# नबिल बैंकद्वारा १५.८० प्रतिशत लाभांश प्रस्ताव




**काठमाडौं/मस–** नबिल बैंक लिमिटेडले आर्थिक वर्ष २०८२/८३ को वितरणयोग्य मुनाफाबाट सेयरधनीहरूलाई कुल १५.८० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको सञ्चालक समितिको आइतबार बसेको ७१२औं बैठकले साधारण सेयरतर्फ ५ प्रतिशत बोनस सेयर र १०.८० प्रतिशत नगद लाभांश गरी १५.८० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । प्रस्तावित बोनस सेयरको लागि कुल रकम १ अर्ब ३५ करोड २८ लाख ४९ हजार ८३६ रुपैयाँ ४६ पैसा बराबर तथा नगद लाभांशका लागि २ अर्ब ९२ करोड २१ लाख ५५ हजार ६४६ रुपैयाँ ७६ पैसा रकम रहेको छ । उक्त रकमा बोनस सेयर तथा नगद लाभांशमा लाग्ने करसमेत समावेश गरिएको छ ।

त्यसैगरी, बैठकले बैंकको ८ प्रतिशत अविमोच्य असञ्चिति अग्राधिकार सेयरतर्फ चुक्ता पुँजीको ८ प्रतिशतका दरले २३ करोड ३४ लाख २४ हजार ६५७ रुपैयाँ ५३ पैसा नगद लाभांश (आर्थिक वर्ष २०८२/८३ मा बाँडफाँटको मितिबाट समानुपातिक रूपमा २१३ दिन) (करसमेत) वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको अग्राधिकार सेयरतर्फको चुक्ता पुँजी ५ अर्ब रुपैयाँ रहेको छ भने साधारण सेयरतर्फको चुक्ता पुँजी २७ अर्ब ५ करोड ६९ लाख ९६ हजार ७२९ रुपैयाँ २६ पैसा रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा बैंकले हासिल गरेको सन्तोषजनक वित्तीय नतिजा तथा दिगो व्यावसायिक वृद्धिको आधारमा सेयरधनीलाई उचित प्रतिफल प्रदान गर्ने उद्देश्यले उक्त लाभांश प्रस्ताव गरिएको हो । उक्त लाभांश वितरण नेपाल राष्ट्र बैंकको स्वीकृति तथा बैंकको आगामी साधारणसभाबाट पारित भएपछि मात्र कार्यान्वयन हुनेछ ।


## Sabhapokhari Rural Municipality
## Office of the Rural Municipal Executive

**Barhabise, Sankhuwasabha**
**Koshi Province, Nepal**

## Invitation For Sealed Bids

**Date of publication: 2083-05-23**

The tender notices previously published by this Rural Municipality through the PPMO e-GP system on 2083/04/22, have been cancelled due to technical issues currently encountered in the PPMO e-GP system. Accordingly, this notice hereby published for the information of all concerned, incorporating the necessary details as set forth below.

1. Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha invites Sealed bids (Hard Copy only) from eligible bidders for the construction of the following works :-

| Contract No. | Description of work | Bid Security Amount (in Rs.) | Bid document fee (in Rs.) | Type of Bid | Minimum Average Annual Construction Turnover | Minimum work experience of similar size and nature (excluding VAT) |
|---|---|---|---|---|---|---|
| SPRM/BKC/ NCB/01/083/084 | Upgrading of Barhabise Chainpur Road to Blacktopped Standard (Ch. 0+000 to 0+984 m) | 8,00,000 | 5,000 | NCB - Single Stage Double Envelope | 42.6 Million | At least 1 project worth 12.00 Million in Road construction |
| SPRM/BKC/ NCB/02/083/084 | Upgrading of Barhabise Dake Khandbari Road to Blacktopped Standard (Ch. 9+830 to 10+685 m) | 7,50,000 | 5,000 | NCB - Single Stage Double Envelope | 40.00 Million | At least 1 project worth 11.00 Million in Road construction |

2. Information of the bank details:-

| Name of the bank | Prime Commercial Bank Ltd., Sabhapokhari Branch | Contract No. | Pre-bid Metting | Last date of bid submission | Bid opening date | Bid validity period | Bid Security Validity period |
|---|---|---|---|---|---|---|---|
| Name of the office | Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha | All Contracts | **2083/06/06** at 13:00 hrs | **2083/06/14** before 12:00 hrs | **2083/06/14** at 13:00 hrs | **90 days** | **120 days** |
| Office Code No | 801010409 | | | | | | |
| Rajaswa Account No | **06901000000022200177** (for bid document purchase) | | | | | | |
| Rajaswa(Revenue) Sirshak No. | 14229 | | | | | | |
| Dharauti Account No. | **06901000000023100160** (for bid security deposite) | | | | | | |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. A complete set of Bidding Documents may be purchased from the office Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as mentioned above till 2083/06/13 during office hours in the account as specified above.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
6. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**